# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, साउन १ गते २०५६ साल (अतिरिक्ताङ्क ३३ (क)


## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले नेपाल चार्टर्ड एकाउन्टेन्टस् ऐन, २०५३ को दफा १ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको दफा २९ र ४३ सम्वत् २०५६ साल साउन १ गतेदेखि लागू हुने गरी तोकेको छ ।

### सूचना २

कम्पनी ऐन अन्तर्गत स्थापना भएका कम्पनी वा व्यावसायिक संस्थाको लेखा-परीक्षण बाहेक अन्य लेखापरीक्षण लेखा प्राविधिज्ञद्वारा गराउनको लागि नेपाल चार्टर्ड एकाउन्टेन्टस् ऐन, २०५३ को दफा २९ को प्रयोजनको निमित्त श्री ५ को सरकारले नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थालाई देहाय बमोजिम नियमन गर्ने गरी तोकेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

क) लेखा प्राविधिज्ञको पाठ्यक्रम बनाउने,

ख) कम्तीमा वर्षको एक पटक लेखा प्राविधिज्ञको परीक्षा सञ्चालन गर्ने,

ग) लेखा प्राविधिज्ञ परीक्षा उत्तीर्ण भएकालाई प्रमाण-पत्र दिने,

घ) लेखा प्राविधिज्ञहरूलाई आवश्यक तालीम प्रदान गर्ने,

ङ) लेखा प्राविधिज्ञहरूको आचरण, अनुशासन लगायतका काम कारवाहीलाई नियमन गर्ने,

च) उपर्युक्त काम कारवाही संस्था स्वयंले गर्ने वा अन्य संस्थाद्वारा गराउनका लागि आवश्यक कार्यविधि बनाई लागू गर्ने ।

आज्ञाले,
डा. विमलप्रसाद कोईराला
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।